गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
चामे, मनाङ

फोन न. ०६६-४४०१९७
Email: manang.dh@gmail.com
Website: manangdh.gandaki.gov.np

पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२)

गण्डकी प्रदेश सरकारको आ.व. २०८३/८४ मा प्रादेशिक/प्रदेश अस्पतालहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुअन्तर्गत **उच्च भेगीय उपचारात्मक सेवा कार्यक्रम (High Altitude Sickness Help Desk)** का लागि यस प्रदेश अस्पताल चामे मनाङमा हेल्थ असिष्टेन्ट (सहायक पाँचौं तह) पदमा गण्डकी प्रदेश **" सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९"** बमोजिम चालु आ.व. २०८३/८४ को अषाढ मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवश्यक कागजात सहित दरखास्त फारम भरी यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र.स.	विज्ञापन नं.	पद	तह	आवश्यक न्यूनतम शैक्षिक योग्यता	माग संख्या
१.	०१-२०८३/८४	हेल्थ असिष्टेन्ट	पाँचौं	PCL जनरल मेडिसिन वा सो सरह उत्तिर्ण	१

१. **दरखास्त फारामः** यस अस्पतालको वेवसाइट www.manangdh.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्ने छ ।

२. **दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

क.उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, म्याद कायम रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि ।

ख. दरखास्तसाथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग. दरखास्त फाराम दिने अन्तिम दिन भित्र माथि २.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ । साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजात पेश गर्नुपर्नेछ । रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

३. **दरखास्त दस्तुरः** पाँचौं तहको हकमा रु. ७००/- (अक्षरेपि सात सय मात्र) दस्तुर बुझाउनु पर्नेछ । (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।)

क. कार्यालयको नामः प्रदेश अस्पताल, मनाङ ।

ख. कार्यालय कोड नं.: ३७००१४००१४

ग. राजश्व शिर्षक नं.: १४२२४ (परीक्षा शुल्क)

घ. राजश्व खाता नं.: २७३०२०००००१००१०००००१

४. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०७/२७ गतेसम्म कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ ।

५. **परीक्षाको किसिमः** अन्तर्वार्ता (अन्तर्वार्ताको मिति र समय यस अस्पतालको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।)

६. **तलबः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल ।

७. **अवधिः** चालु आ.व. २०८३/८४ को अषाढ मसान्तसम्म ।

८. **उम्मेदवार हुनको लागि योग्यताः**

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. उमेरको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

ग. भष्ट्राचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनपर्नेछ ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ ।

९. **अन्य विस्तृत जानकारीको लागिः** यस कार्यालयको वेवसाइट www.manangdh.gandaki.gov.np वा अस्पताल प्रशासन शाखा (फोन नं. ९८५६०४९२९७/९८६४७००३७२/९८५६०४९११९) मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति

मेडिकल सुपरिन्टेन्डेन्ट